प्रतापपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७८/७९ मिति: २०७८/१२/२३
च.नं.

विषय: कार्यपालिका निर्णय जानकारी सम्बन्धी सूचना ।

उपरोक्त सम्बन्धमा प्रतापपुर गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७८/११/०६, मिति २०७८/११/२७ गते र मिति २०७८/१२/१६ गतेको निर्णय देहाय अनुसार रहेको व्यहोरा अनुरोध छ।

मिति २०७८/११/०६ निर्णयहरू:

१) प्रतापपुर गाउँपालिका वडा नं. १ को आ.व. ०७८/७९ मा विनियोजित कार्यक्रम अन्तर्गत नयाँ पिच बनेको देखि अखण्ड स्कूल सम्म सडक स्तोरउन्नतीको लागि पारित भएको कार्यक्रमका सम्बन्धमा जिल्ला अदालत परासीमा मुद्दा पेश भएको हुँदा सो योजना संचालन गर्न नसकिने हुँदा सो रकम बराबरको रकमबाट सोही क्षेत्रको शान्तीटोलको बाटो स्तरउन्नती गरी योजना संचालन गर्ने ।

२) शिक्षा शाखा मार्फत गाउँपालिका कार्यालयबाट पेश भएको उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट कार्यविधि, २०७८, कृषि शाखा मार्फत गाउँपालिका कार्यालयबाट पेश भएको कृषि विकास संचालन कार्यविधि, २०७८, पशु शाखाबाट पेश भएको पशु सम्बन्धी कार्यविधि, २०७८, सुरक्षित आप्रवासन सम्बन्धी कार्यविधि बैठकमा टेबुल गर्ने र यसलाई अध्ययन पश्चात् अर्को कार्यपालिकाको बैठकमा पेश गर्ने ।

३) यस गाउँपालिका र वडाको काम कारवाही गर्दा सरकारी काम गरे वापत जनप्रतिनिधि र कर्मचारी उपर चल्ने मुद्दामा लागेको खर्च नियमानुसार गाउँपालिकाको विनियोजित रकमबाट भुक्तानी गर्ने ।

४) यस प्रतापपुर गाउँपालिका भित्र रहेका सम्पूर्ण अपाङ्गहरूको परिचय पत्र बनाउन बाँकी रहेका फरक क्षमता भएका व्यक्तिहरूको अपाङ्ग परिचय पत्र बनाउन गाउँपालिकाले सोको व्यवस्थापन गरी प्रत्येक महिनाको २५ गते अपाङ्ग सिविर सञ्चालन गर्ने ।

५) विगतको कोभिड-१९ को माहामारीबाट कोरोना पोजेटिभ भएका व्यक्तिहरूको लगतलाई एकिकरण गरी संघीय सरकारको सम्बन्धित निकायमा पठाउने ।

मिति २०७८/११/२७ निर्णयहरू:

३) गाउँ कार्यपालिकाको मिति २०७८/११/०६ गते छलफलका लागि पेश भएका तपसिलका कार्यविधिहरू पारित गर्ने:-

क) उत्कृष्ट विद्यालय तथा शिक्षक छनौट कार्यविधि, २०७८

प्रमुख प्रशासकीय अधिकृत

फोन: ०७८-४११०९५ वेबसाईट: www.pratappurmun.gov.np इ-मेल: ito.pratappurmun@gmail.com

ख) पशु विकास कार्यक्रम संचालन कार्यविधि, २०७८

ग) कृषि विकास कार्यक्रम संचालन कार्यविधि, २०७८

घ) मासु पसल निर्माण तथा सुधार मापदण्ड, २०७८

ङ) उपाध्यक्ष सुत्केरी भेटघाट कार्यक्रम संचालन कार्यविधि, २०७८

च) दीर्घकालिन सेवा गरेका महिला सामुदायिक स्वास्थ्य स्यवंसेविकाहरूका लागि सम्मान र विदाई गर्ने कार्यविधि, २०७८

४) यस गाउँपालिका वडा नं. २ को जगन्नाथपुर स्वास्थ्य केन्द्रमा निर्माण भईरहेको १५ सैयाको अस्पताल गत आ.व.मा रु. १६,९३,२९,७९४।- मा टेण्डर भई रु. ११,२४,१६,५५१।- मा सम्झौता भएकोमा काम सुरु भई आ.व. समाप्त भएकोले सो रकम सम्पूर्ण फ्रिज भई फिर्ता भएकोमा हाल उक्त कार्य निर्माण भइरहेको हुँदा हाल सम्म पनि रकम उपलब्ध नभएकाले सो १५ सैया अस्पताल निर्माणका लागि रकम निकासा तथा उपलब्ध गराउन संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार गरी रकम माग गर्ने ।

५) यस गा.पा. को वडा नं. ७ मा जगन्नाथपुरको स्वास्थ्य चौकीको टेण्डर रकम १,८७,८८,५५० र सम्झौता भएको रकम १,१८,३९,१४८।-, वडा नं. ८ पिपरपातीमा ५ सैयाको अस्पताल निर्माणको लागि टेण्डर रकम रु. ७,०४,८८,५३३।- र सम्झौता रकम रु. ४,५०,२७,४७५।-, वडा नं. ३ बर्गदवामा स्वास्थ्य चौकीको टेण्डर रकम रु. १,८५,००,२७१।- र सम्झौता रकम रु. १,२०,३८,७८९।- र वडा नं. १ को भिठ्ठामा स्वास्थ्य चौकीको टेण्डर रकम रु. १,८७,५१,२८७।- र सम्झौता रकम रु. १,१८,८३,५१६।- भएकोमा उक्त भवनहरूको ठेक्का सम्झौता भएकोमा गत आ.व.मा काम सुरु गर्दागर्दै रकम फ्रिज भएकाले हाल सो काम रकम प्राप्त नभएकाले उल्लेखित स्वास्थ्य भवनहरूको रकम निकासाका लागि संघीय सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा पत्राचार गरी रकम माग गर्ने ।

क) प्रतापपुर गाउँपालिका वडा नं. ७ मा रहेको जगन्नाथपुर स्वास्थ्य चौकी निर्माण ।

ख) प्रतापपुर गाउँपालिका वडा नं. ८ पिपरपातीमा ५ सैयाको अस्पताल निर्माण

ग) प्रतापपुर गाउँपालिका वडा नं. ३ मा रहेको वर्गदवा नयाँ स्वास्थ्य चौकी निर्माण

घ) प्रतापपुर गाउँपालिका वडा नं. १ मा रहेको स्वास्थ्य चौकी निर्माण (भिठ्ठा) ।

६) यस गाउँपालिकाको स्वीकृत दरवन्दी अनुसार देहायका पदहरू रिक्त रहेकोले पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा लेखि पठाउने ।

प्रमुख प्रशासकीय अधिकृत

# प्रतापपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल


| क्र.सं. | पदको नाम | तह | सेवा/ समूह/ उपसमूह | जम्मा स्वीकृत स्थायी दरबन्दी संख्या | पदपूर्ति भएको स्थायी कर्मचारी संख्या | जम्मा रिक्त संख्या | पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोग माग गर्ने संख्या |
|---|---|---|---|---|---|---|---|
| 1 | अधिकृत | अधिकृत छैटौं | नेपाल प्रशासन/सा.प्र. | 2 | | | 1 |
| 2 | सब ईन्जिनियर | पाँचौं | नेपाल ईन्जिनियर सेवा, सिभिल समूह, विल्डिङ्ग एण्ड अर्कीटेक उप समूह | ५ | | | ३ |
| 3 | असिष्टेण्ट सब-ईन्जिनियर | चौथो | नेपाल ईन्जिनियर सेवा, सिभिल समूह, विल्डिङ्ग एण्ड अर्कीटेक उप समूह | ६ | | | ३ |
| 4 | सहायक | पाँचौं | नेपाल प्रशासन/सा.प्र. | ८ | | | ४ |
| 5 | सहायक | चौथो | नेपाल प्रशासन/सा.प्र. | ५ | | | २ |
| 6 | कृषि अधिकृत | छैटौं | नेपाल कृषि सेवा | 1 | | | १ |
| 7 | पशु अधिकृत | छैटौं | भेटिनरी | 1 | | | १ |
| 8 | पशु | पाँचौं | ना.प.से.प्रा. | 4 | | | १ |
| 9 | अ.हे.व. | चौथो | नेपाल स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्सन समूह | १ | | | ५ |
| 10 | अ.न.मि. | चौथो | नेपाल स्वास्थ्य सेवा,प. हे.न. समूह | 11 | | | ३ |
| 11 | हेल्थ असिस्टेन्ट | पाँचौं | नेपाल स्वास्थ्य सेवा,हेल्थ इन्सपेक्सन | १ | | | ५ |
| 12 | स्टाफ नर्स | पाँचौं | नेपाल स्वास्थ्य सेवा, जेनरल नर्सिङ्ग | 1 | | | १ |

७) यस गा.पा.को वडा नं. ६ मा रहेको आयुर्वेद औषधालयको लागि नयाँ भवन निर्माण गर्न वडा नं. ६ को साविक वडा कार्यालयमा DPR गरी भवन निर्माणको लागि प्रक्रिया अगाडि बढाउने र हाल विनियोजित रकम रु. ४०,००,०००।– को टेण्डर गर्ने ।

प्रमुख प्रशासकीय अधिकृत

# प्रतापपुर गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
प्रतापपुर, नवलपरासी (बर्दघाट–सुस्ता पश्चिम)
लुम्बिनी प्रदेश, नेपाल

प्रतापपुर गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय प्रतापपुर, नवलपरासी (ब.सु.प.) लुम्बिनी प्रदेश (नेपाल)

मिति २०७८/१२/१६ निर्णयहरू:

१) यस प्रतापपुर गाउँपालिकाको आ.व. ०७८/०७९ को योजना तथा कार्यक्रम संचालन गर्ने क्रममा अत्यावश्यक योजना बाहेक अन्य योजना तथा कार्यक्रमहरूको हकमा २०७९ जेष्ठ मसान्त सम्म मात्र सम्झौता गरिसक्नु पर्ने, त्यसपछि सम्झौता नगर्ने तथा भुक्तानीको लागि आगामी २०७९ आषाढ १५ गते सम्म भुक्तानी खाई पेश गर्न लगाई भुक्तानी दिने ।

२) राष्ट्रिय परिचयपत्र तथा पंजिकरण विभागबाट संचालन हुने घटना दर्ता सिविर संचालनमा सहयोग र समन्वय गर्ने ।

३) यस प्रतापपुर गाउँपालिकाको पञ्चबर्षिय शिक्षा योजना (२०७८/०७९-२०८२/०८३) स्वीकृत गर्ने ।

४) यस पालिकाबाट अनुदान तथा जनताको सहभागीतामा वितरण गरिने वितरणमुखी सम्पूर्ण कार्यक्रमहरू अर्को निर्णय नभए सम्मका लागि वितरण नगर्ने तर सहभागीहरूको छनौट तथा सम्झौतामा सम्पूर्ण कार्य सम्पन्न गर्ने ।

(चिरन्जिवी घिमिरे)
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत